# धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय सुनसरी, प्रदेश नं. १, नेपाल

## नगर कार्यपालिका वैठक,वैठक संख्या १/०७८/०७९

आज मिति २०७९ साल जेष्ठ २३ गते सोमबार बिहान ११.०० बजे धरान उपमहानगरपालिकाको दोस्रो कार्यकालका लागि निर्वाचित जनप्रतिनिधिहरुको नगर कार्यपालिकाको पहिलो वैठक नगर प्रमुख श्री हर्क राज राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

**उपस्थिती:**

| क.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री हर्क राज राई | प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री अईन्द्र विक्रम बेघा | उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री यज्ञमणि आचार्य | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री रमेश राई | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री विद्या शाक्य | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री धनबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री मन प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुपेन्द्र भट्टराई | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जीवन राज सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री धन बहादुर राई | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रुपेश आचार्य | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री विवेक राई | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री लोकेन्द्र कुमार फागु | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री मुरारी प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री पदम बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सावित्रा परियार दर्जी | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २४. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५. | श्री सिर्जना नेपाल | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २६. | श्री रविन गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २७. | श्री देवी माया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-६ | |
| २८. | श्री दिनेश विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २९. | श्री अनुप देवान | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| ३०. | श्री विकास भाटी | नगर कार्यपालिका सदस्य | धरान-९ | |
| ३१. | श्री लक्ष्मी प्रसाद पौडेल | प्रमुख प्रशासकीय अधिकृत(सचिव) | धरान उपमहानगरपालिका | |

| क.सं. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | | |

१. बैठकको गणपुरक संख्या सम्बन्धमा :–

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा ३१ जना सदस्यहरूको उपस्थित रहेकोले गणपुरक संख्या पुरा भएको हुदाँ अध्यक्षवाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो ।

२. मतदाताहरुलाई धन्यवाद ज्ञापन सम्बन्धमा :–

२०७९ साल वैशाख ३१ गते भएको स्थानीय तहको निर्वाचन अन्तर्गत यस धरान उपमहानगरपालिकामा आफ्नो अमूल्य मत दिई नगर प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, सदस्य र कार्यपालिका सदस्यमा हामीलाई विजयी गराउनु हुने सबै दाजुभाई, दिदीबहिनी, आमाबुवा लगायत नगरवासी मतदाताहरुमा कृतज्ञता प्रकट गर्दै धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

३. राजस्व परामर्श समितिमा २ जना सदस्य तोक्ने सम्बन्धमा :–

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ को उपदफा १ बमोजिम गठन हुने धरान उपमहानगरपालिकाको स्थानीय राजस्व परामर्श समितिको सदस्यमा कार्यपालिका सदस्यहरु मध्येबाट नगर कार्यपालिकाले मनोनय गर्ने एक जना महिला सहित दुई जना सदस्यहरुमा तपसिल बमोजिमका कार्यपालिका सदस्यलाई मनोनयन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल

१. श्री देविमाया विश्वकर्मा – कार्यपालिका सदस्य
२. श्री विकास भाटी – कार्यपालिका सदस्य

४. स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति गठन सम्बन्धमा:-

यस उपमहानगरपालिकाको स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति तपशिल अनुसार गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

क) नगर प्रमुख – संयोजक
ख) उप प्रमुख – सदस्य
ग) कार्यपालिका सदस्यहरूमध्येवाट सदस्यहरू

- श्री नरेश कुमार ईवारम, १५ नं. वडाध्यक्ष
- श्री सूर्य बहादुर भट्टराई, १७ नं. वडाध्यक्ष
- श्री नरेन्द्र कुमार राई, १८ नं. वडाध्यक्ष

घ) प्रमुख प्रशासकीय अधिकृत – सदस्य सचिव

५. आगामी आ.व. २०७९/०८० को बजेट तर्जुमामा विषयगत समिति गठन सम्बन्धमा :–

स्थानीय तह वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ बमोजिम नगर कार्यपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन गर्ने विकास क्रियाकलापहरुलाई निम्न अनुसार विषयगत क्षेत्र तोकी कार्यपालिकाका सदस्यहरुलाई विषय क्षेत्रगत जिम्मेवारी दिनु पर्ने व्यवस्था गरेको हुँदा तपसिल बमोजिमका विषयगत

सदस्यहरू चयन गर्ने सर्वसम्मत निर्णय गरीयो।

<u>तपिसल</u>

**(क) आर्थिक विकास समितिः**

संयोजक- श्री विनिता वज्राचार्य, कार्यपालिका सदस्य

सदस्य-सचिव - आर्थिक विकास महाशाखा प्रमुख

**(ख) सामाजिक विकास समितिः**

संयोजक - श्री सिर्जना नेपाल, कार्यपालिका सदस्य

सदस्य-सचिव - सामाजिक विकास महाशाखा प्रमुख

**(ग) पूर्वाधार विकासः**

संयोजक- श्री अनुप देवान, कार्यपालिका सदस्य

सदस्य-सचिव - योजना तथा ईन्जिनियरिङ्ग महाशाखा प्रमुख

**(घ) वन, वातावरण तथा विपद् ब्यबस्थापन समिति :**

संयोजक- श्री लोकेन्द्र कुमार फागु, ११ नं. वडाध्यक्ष

सदस्य-सचिव - वातावरण तथा विपद् ब्यबस्थापन महाशाखा प्रमुख

**(ङ) सुशासन तथा संस्थागत विकास समिति :**

संयोजक- श्री मुरारी प्रसाद भट्टराई

सदस्य-सचिव - प्रशासन महाशाखा प्रमुख

**६. नागरीक निगरानी तथा पृष्ठपोषण संयत्र गठन सम्बन्धमा :–**

धरान उपमहानगरभित्र संचालन हुने तीनै तहका सरकार र सो मातहतका विषयगत कार्यालयबाट संचालन तथा कार्यान्वयन हुने योजना तथा कार्यक्रम र प्रवाह हुने सेवामा नागरिक तहबाट सहजिकरण, निगरानी, सुझाव एवम् पृष्ठपोषण उपलब्ध गराई प्रभावकारीता अभिवृद्धि गर्न एउटा सहजिकरण, निगरानी तथा पृष्ठपोषण संयन्त्र गठन गर्न उक्त संयन्त्र संचालन कार्यविधि तयार गर्ने सर्वसम्मत निर्णय गरियो।

**७. नगरका गतिविधी बारे जानकारी दिन सूचना संयन्त्र निर्माण सम्बन्धमा :–**

नगरका प्रशासनिक, विकासात्मक र नियमनकारी गतिविधीहरुमा पारदर्शिता प्रबर्द्धन गरी नगरवासीहरुमा नगरको साख अभिबृद्धि गरी सुशासनको अनुभूती दिलाउन तपसिल बमोजिमको सूचना संयन्त्र गठन गर्ने निर्णय सर्वसम्मत गरियो।

क. संयोजक - श्री सुशासन तथा संस्थागत विकास समिति संयोजक

ख. सदस्य - श्री दिनेश विश्वकर्मा, कार्यपालिका सदस्य

ग. सदस्य - श्री विषयगत महाशाखा प्रमुख

घ. सदस्य - श्री नेपाल पत्रकार महासंघ, नगर अध्यक्ष वा नेपाल पत्रकार महासंघ सुनसरी जिल्ला अध्यक्षले तोकेको धरानमा कृयाशिल पत्रकार १ जना ।

ङ. सदस्य सचिव - श्री सूचना अधिकारी, धरान उपमहानगरपालिका

८. नदीजन्य पदार्थ उत्खनन् तथा व्यबस्थापन सम्बन्धमा :–

नगर क्षेत्र भएर बग्ने खोलाहरु सेउती, सेहेरा, अँधेरी, सर्दु र पट्नाली खोलाबाट नदिजन्य पदार्थ ठेक्का प्रकृयाबाट उत्खनन् गरि विक्रि वितरण गर्ने गरिएकोमा नदि तथा खोलाबाट नदिजन्य पदार्थ उत्खनन् गरी निकासी गर्दा नदिले कटान गर्ने, बढि भु-क्षय हुने, वन विनास हुने र थप प्राकृतिक विपत्ती आउने भएको हुँदा नगर क्षेत्रका सबै खोलाहरुबाट नदिजन्य पदार्थको उत्खनन् तथा व्यबस्थापन गर्ने विषयमा नगर प्रमुख संयोजक रहने र माथि उल्लेखित खोलाहरू रहेका वडाका वडाध्यक्षहरू सदस्य रहने र सम्बन्धित महाशाखा प्रमुख सदस्य सचिव रहनेगरी समिति गठनगरी उक्त समितिले प्रतिवेदन पेश गरेपछि आबस्यक निर्णय गर्ने सर्वसम्मत निर्णय गरियो ।

**अर्को बैठक २६ गते दिउसो २ बजे बस्ने गरी आजको वैठक दिउँसो २ वजे समाप्त भयो ।**

**वैठकको निर्णय माईनटगर्ने : वरिष्ठ प्रशासकीय अधिकृत , गणेश प्रसाद खतिवडा ।**